**HS/XI/A. Sc. Com/N/18**

**2018**

**NEPALI**

**( Modern Indian Language )**

*Full Marks* :100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions:*

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part–A Objective Questions serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A–OBJECTIVE )

( *Marks* : 50 )

SECTION–I

( *Marks* : 20 )

1. तल दिएका प्रश्नका बहुविकल्पी उत्तरमध्ये सही उत्तर छानेर लेख : 1 x 10 = 10

(क) लेखनाथ पौड्याल द्वारा रचित कविताको नाम के हो ?

*(i)* नवयुवक





*(ii)* वर्षाविचार

*(iii)* हामी बहादुर

*(iv)* आरोहीप्रति

(ख) ''गौरी भेटी, गरल जित ती रूद्र आफैं बनौंला'' — यस पङ्क्तिमा 'गरल' को अर्थ के हो ?

*(i)* विष

*(ii)* आगो

*(iii)* अमृत

*(iv)* पानी

(ग) 'कवि कृष्णप्रसाद ज्ञवालीले कुन ठाउँलाई 'सारै उच्च र स्वच्छ शान्त हरियो' भन्दै वर्णन गरेका छन् ?

*(i)* गुवाहाटी

*(ii)* शिलाङ्ग

*(iii)* नेपाल

*(iv)* सिक्किम

(घ) नेपालको पूर्व भागमा व्यवहार गरिने मादललाई के भन्दछन् ?

*(i)* पूर्वी मादल

*(ii)* मार्दलाह

*(iii)* पूर्व मादल

*(iv)* सोरठी मादल

(ङ) 'वीरहरू' निबन्धका लेखक को हुन्?

*(i)* रूबी नेउपाने

*(ii)* कृष्णप्रसाद ज्ञवाली

*(iii)* लीलबहादुर क्षत्री

*(iv)* लक्ष्मीप्रसाद देवकोटा

(च) तामा, माटा वा दुङ्गाका ढोकामा कुनै जीव–जन्तु वा दृश्यको नकल गर्नेलाई के गरिन्छ?

*(i)* सफल व्यक्ति भनिन्छ

*(ii)* थुनुवा पारिन्छ

*(iii)* पुरस्कार प्रदान गरिन्छ

*(iv)* अपराध ठहरिन्छ

(छ) अहिले हामीले लगाउने भादगाउँले टोपी को जरा खोज्दै जाने हो भने कहाँसम्म पुग्नु–पर्छ?

*(i)* काबुल

*(ii)* नेपाल

*(iii)* बर्मा

*(iv)* भूटान

(ज) "ईस, छिमेकी।! अस्टी चौटारामा झन्नैले मारेठ्यो, ठा पाउलास्।" — यो वाक्य कसले भनेको हो?

*(i)* गुमाने

*(ii)* धनजीते

*(iii)* धर्मानन्द

*(iv)* आशामरू





(झ) ताख्खे नागाको टाउको काट्ने व्यक्ति को हो?

*(i)* ताख्खे को भाई

*(ii)* ताख्खेको स्वास्नी

*(iii)* ताख्खेको मित्र

*(iv)* ताख्खेको छोरो

(ञ) 'मधु' के हो?

*(i)* कथा

*(ii)* निबन्ध

*(iii)* कविता

*(iv)* नाटक

**2.** तलका कथन सत्य भए 'हो' र असत्य भए 'होइन' लेख: 1 x 5 = 5

(क) 'आमा' कथामा जीवनलाई चोट लागेको छ।

(ख) ताख्खे नागाले वनका चरा–चुरूङ्गीहरू मार्ने गर्थ्यो।

(ग) 'वर्षाविचार' कवितामा पानी नपर्ने बेलाको वर्णन पाइन्छ।

(घ) नवयुवक कविताका कवि माधवप्रसाद घिमिरे हुन्।

(ङ) नेपाली संस्कृतिको मूल स्रोत आर्य–संस्कृति हो।

3. कोष्ठभित्र दिएका सही शब्द छानेर रित्ता ठाउँ भर: 1 x 5 = 5

(क) कालै जस्ता विकट रिपुको साथ कुस्ती छ ______ !(खासा, तासा)

(ख) लड्दै बाँचेका छौं, ______ मुटुमा युद्धकै हाहाकार छ। (बाँच्नलाई, मार्नलाई)

(ग) नेपाली संस्कृतिलाई छ्याङ्ग पारेर दर्शाउने अभिव्यक्तिका माध्यम हुन् हाम्रा ______। (लोककथाहरू, लोकगीतहरू)

(घ) आज भोलि रोप्नुपर्ने ______, धनजीते आगो भो। (धान, बीउ)

(ङ) गाउँको सिमानादेखि बाहिर आँखाले भ्याउन ______ खेतका फाँटहरू छन्। (सकिने, नसकिने)

## SECTION – II

( *Marks* : 30 )

4 तलका कुनै पाँचवटा प्रश्नहरूका उत्तर पाँच / छः वाक्यमा लेख : 3 x 5 = 15

(क) 'नवयुवक' कवितामा कविले कसलाई केको भार दिऊँ भनेका छन्?

(ख) लक्ष्मीप्रसाद देवकोटाको परिचय देऊ?

(ग) मादल के हो? यो कसरी बनाइन्छ?

(घ) लेखकले किन नकल गर्नलाई पनि अककलको आवश्यकता पर्दछ भनेका छन्?

(ङ) धर्मानन्द कस्ता स्वभाक्का व्यक्ति थिए?

(च) कमलाको छोटो परिचय देऊ?





5. (क) व्यञ्जनवर्ण भनेको के हो? ती के के हुन्? 3

(ख) समास भनेको के हो? कति प्रकारका छन्? कुनै दुई समासको नाम लेख। 3

(ग) ह्रस्व र दीर्घ मात्रा लागेका तीन – तीनवटा शब्द लेख। 3

(घ) वाक्य भनेको के हो? कति प्रकारका छन्? ती के के हुन्? 3

(ङ) तलका उखानको अर्थ लेख : 3

*(i)* जसको सीङ छैन उसकै नाउँ तीखे।

*(ii)* बाहिर बोक्रे भित्र खोक्रे।

*(iii)* भुक्ने कुकुरले टोकदैन।

## ( PART : B – DESCRIPTIVE )

( *Marks* : 50 )

6. सप्रसँग व्यारव्या गर: 6

कालाबादलमा सानी उज्यालो बिजुली परी।
कृष्णका काखमा खेली रहेकी राधिकासरी॥
इन्द्रिनीहरूको शोभा हेरनू होस सज्जन।
अप्सराले खसालेका रत्नकौ हार झैं छन॥

अथवा

मेरो सोचाइ त कसरी साथीलाई जीवन–दान दिन सकिन्छ भन्ने आशा–निराशाको जालमा अल्झिएको छ। उसले रगताम्मे फिलालाई 'फिल्ड ड्रेसिङ्ग'- ले बाधिदिएको छु। रगत चुहन छोडेको छ।

7. 'विधार्थीसित' अथवा 'शिलाङ्ग' कविताको सारांश लेख। 7

**8.** इन्द्र सुन्दासको 'मधु' कथाको कथावस्तु सङ्क्षेपमा लेख। 7

अथवा

'मेरो एउटा नागा हुकी' कथाको नायक ताख्खेको चरित्र चित्रण गर।

**9.** निबन्धकार कृष्णप्रसाद ज्ञवालीले 'हाम्रो संस्कृति' निबन्धमा हाम्रो भेष-भूषा र हाम्रो चाडबाड बारे कस्तो चर्चा गरेका छन्? बुझाएर लेख। 7

अथवा

'वीरहरू' निबन्धमा निबन्धकारले किन 'सच्चा वीरमा विश्वासको जादू हुन्छ' भनेका छन्। स्पष्ट पार।

**10.** तल दिइएको कुनै एउटा विषयमाथि निबन्ध लेख : 10

(क) समयको सदुपयोग

(ख) अनुशासन

(ग) आत्मनिर्भरता

(घ) तिमीलाई मनपर्ने खेल

**11.** पढ़ाईका साथै स्वास्थ्यलाई पनि ध्यान दिनु पर्छ भन्दै तिम्रो भाइलाई एउटा पत्र लेख। 5

**12.** यस अनुच्छेदको उचित शीर्षक दिँदै सारांश लेख : 8

जीवन एउटा सङ्ग्राम भूमि हो। जीवनमा चाहेका वस्तुहरू पाउने हो भने प्रतिकूल परिस्थितिसँग सङ्ग्राम गर्नुपर्छ। प्रतिकूल परिस्थितिलाई अनुकूल परिस्थितिमा परिवर्तन नगरी अथात् कामको सफलताको मार्गमा आइलागेका असङ्ख्य विघ्न-बाधालाई नहटाई आफूले चाहेको कुनै पनि वस्तु पाउनसकिंदैन। कामको सफलताको मार्गमा आइलागेका विघ्नबाधाहरू एकपल्टको कोशिशले नहट्न पनि सक्छन्-काममा असफल पूनि हुनसकिन्छ, तर असफल हुनसाथ त्यो काम गर्न छोडिहाल्नु ठीक होइन। अङ्ग्रेजीमा एउटा कथन छ — 'असफलता नै सफलताको खाँबो हो (Failures are the pillars of success)।' यसकारण कुनै काम गर्दा असफल भए तापनि त्यो काम गर्दा गरेको कोशिश व्यर्थ हुँदैन, किनभने त्यो कोशिशले नै कामको अनुभव हुन्छ।

★★★